# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

प्रकाशित मिति २०७९/४/२९

मिति २०७९।३।१५ गते जिल्ला मकवानपुर मनहरी गाउँपालिका वडा नं.९ खरङ्गा स्थित कल्पना घलानको घरमा ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिई गएको प्रहरी टोलीले खानतलासी गर्दा प्रतिवादी सानुकान्छा योन्जनले हातमा लिई राखेको बजरीया झोला भित्र राखेको बिभिन्न दरका नेपाली रुपैया रु ७,१७,०००।-( सात लाख सत्र हजार) र मधेश प्रदेश ०३-०२३ प ३१७२ नम्बरको मोटरसाईकलको सिट मुनी दुवै साईडमा रहेको खाली भागमा लुकाई छिपाई राखेको अवस्थामा बिभिन्न दरको भारतीय रुपैया रु.१,९८,९००।- (एक लाख अन्ठानब्बे हजार नौसय ) भई बरामद नगद, तथा पक्राउ परेका ब्यक्तिहरु मध्ये सानुकान्छा योन्जन र कमला घलान समेतका हकमा आवश्यक कार्यार्थ जिल्ला प्रहरी कार्यालय अ.अ. शाखा मकवानपुरबाट प्राप्त यस विभागमा सूचना मिति २०७९।०३।१६ गते सू.स.द.नं. ४८३१ मा दर्ता भएको उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादीहरु सानुकान्छा योन्जन र कमला घलानले अबैध तरिकाले विदेशी विनिमय सम्बन्धी कार्य एवं लागुऔषध अफिमको कारोबारमा संलग्न भई यस्ता कसूरबाट आर्जित सम्पत्ति, आर्जित सम्पत्तिको गैरकानुनी स्रोत लुकाउने, छल्ने स्वरुप परिवर्तन गर्ने, अधिकार स्वामित्व परिवर्तन गरी सो रकमलाई शुद्ध बनाउने लगायत सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क)(ख)(ग) ले निषेधित कार्य गरी गराई प्रतिवादीहरु सानुकान्छा योन्जन र कमला घलानले ऐ. उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसूर गरेको तथ्य पुष्टि हुन आएकोले प्रतिवादीहरु सानुकान्छा र कमला घलानलाई वीगो रु. १०,३५,२४०।- (दश लाख पैंतीस हजार दुई सय चालीस रुपैंया) कायम गरी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम जनही विगोको दोब्बर जरिवाना र कसूरको मात्रा अनुसार कैद सजाय र प्रतिवादीहरुबाट बरामदित रकम जफत हुनका साथै कसुरमा प्रयोग भएको मधेश प्रदेश ०३-०२३ प ३१७२ नम्बरको विर बहादुर योन्जनका नाउँ दर्ताको मोटरसाइकल थान-१ समेत जफत गरी पाउन मागदावी लिई आज सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।

सूचना अधिकारी